# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १ गते २०४१ साल

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष परियोजना सम्झनुपर्छ ।

३. समितिको गठन : (१) शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्ष विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।



३२९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) राजकुमार रवीन्द्र वीर विक्रम शाह – अध्यक्ष

(ख) प्रतिनिधि, प्रमुख निजी सचिवालय, राजदरबार – सदस्य

(ग) महा-निर्देशक, भू तथा जलाधार संरक्षण विभाग – सदस्य

(घ) महा-निर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग – सदस्य

(ङ) चीफ कन्जरभेटर, वन विभाग – सदस्य

(च) सह-अञ्चलाधीश, वागमती अन्चलाधीश कार्यालय – सदस्य

(छ) प्रतिनिधि, शाही नेपाली जङ्गी अड्डा – सदस्य

(ज) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(झ) वन अधिकृत, परियोजना – सदस्य

(ञ) नापी अधिकृत, परियोजना – सदस्य

(ट) प्रधान पञ्च, सुन्दरीजल गाउँ पञ्चायत – सदस्य

(ठ) परियोजना प्रमुख – सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञले समितिको बैठकमा सल्लाहकारको रूपमा भाग लिन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको संरक्षण र सम्वर्द्धन गरी खानेपानीको स्रोत तथा गुणमा वृद्धि गर्ने र सो आरक्षलाई मनोरञ्जनस्थलको रूपमा विकास गर्नको लागि परियोजना कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) बमोजिम कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) सो क्षेत्रको वन सीमाङ्कन गर्ने,

(ख) सो क्षेत्रको वरिपरि बार लगाउने,

(ग) सो क्षेत्रभित्र चेकडयाम, तटबन्ध, बाटो र दृश्यस्थलहरूको निर्माण गर्ने,

(घ) वृक्षारोपण, फलफूल तथा उन्नत घाँस रोपण गन्हा बनाउने र भू-संरक्षण कार्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ङ) परियोजनाको लागि आवश्यक कर्मचारीहरू नियुक्ति गर्ने, र

(च) अन्य आवश्यक कार्यहरू गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उप-समितिको गठन : (१) समितिले परियोजनाको कार्य सञ्चालन गर्न देहाय बमोजिमका उप-समितिहरू गठन गर्नेछ र सो उप-समितिहरूमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:–

(क) सुरक्षा उप-समिति :

| | |
|---|---|
| परियोजना प्रमुख | – संयोजक |
| नापी अधिकृत परियोजना | – सदस्य |
| प्रतिनिधि, शाही नेपाली सेना | – सदस्य |
| वन अधिकृत परियोजना | – सदस्य |

(ख) पुनर्वास उप-समिति :

| | |
|---|---|
| सह-अञ्चलाधीश | – संयोजक |
| नापी अधिकृत परियोजना | – सदस्य |
| सम्बन्धित गाउँ पञ्चायतको प्रधानपञ्च | – सदस्य |

(ग) वृक्षारोपण उप-समिति :

| | |
|---|---|
| महा-निर्देशक, भू तथा जलाधार संरक्षण विभाग | – संयोजक |
| वन अधिकृत, परियोजना | – सदस्य |
| प्रतिनिधि, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | – सदस्य |

(घ) पञ्चायत तथा स्थानीय जनसम्पर्क उप-समिति :

| | |
|---|---|
| सह-अञ्चलाधीश | – संयोजक |
| प्रधानपञ्च सुन्दरीजल गाउँ पञ्चायत | – सदस्य |
| वन अधिकृत, परियोजना | – सदस्य |

(२) उपदफा (१) बमोजिम गठन भएको उप-समितिहरूको काम, कर्तव्य समितिले तोके बमोजिम हुनेछ ।

६. समितिको बैठक र निर्णय : (१) समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य-सचिव लगायत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

३२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. उप-समितिको बैठक र निर्णयः (१) उप-समितिको बैठक उप-समितिको संयोजकले तोके बमोजिम बस्नेछ ।

(२) उप-समितिको संयोजक र सदस्यको अतिरिक्त अर्को एकजना सदस्य उपस्थित भएमा उप-समितिको बैठक बस्न सक्नेछ ।

(३) उप-समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णयात्मक मत दिन सक्नेछ ।

(४) उप-समितिको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ ।

(५) उप-समितिको बैठकमा अपनाइने अन्य कार्यविधि उप-समिति आफैंले निर्धारण गर्नेछ ।

८. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकार मार्फत विदेशी सरकार वा अन्तरराष्ट्रिय संस्थाबाट प्राप्त रकम,

(ग) समितिले अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

९. लेखा र परीक्षण : (१) समितिको आयव्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाउँन सक्नेछ ।

१०. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. नियमहरू बनाउने : समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१३. समितिको कार्यालय : समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

१४. खारेजी : शिवपुरी जलाधारक्षेत्र विकास समिति (गठन) आदेश, २०३३ खारेज गरिएको छ ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।